नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

राजविराज दैनिक

वर्ष ३६ अंक ९६ २०८३ साल कात्तिक २५ गते बुधबार (11 Nov 2026 Wednesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : जलवायु संकट विश्वव्यापी... ३ पृष्ठमा : नेपालले भोग्दै गरेको विपत्ति ... ३ पृष्ठमाएआई कम्पनीको नियमन...

बाल अधिकारको संरक्षण

बचावटको अधिकार :
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु ।
विकासको अधिकार :
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर ।
संरक्षणको अधिकार :
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा ।
सहभागिताको अधिकार :
आफ्नो हितका निर्णयमा बोल्न पाउनु ।

व्रतालु महिलाहरूलाई साडी वितरण



दैनिक समाचारदाता
राजविराज, २४ कात्तिक ।

धार्मिक तथा सामाजिक भावनालाई सशक्त बनाउने तथा महिलाहरूमा उत्साह थप्ने उद्देश्यले आउँदो छठ पर्वको अवसरमा साहित्यकार तथा समाजसेवी करुणा झाले व्रतालु महिलाहरूलाई साडी वितरण गरेकी छिन् ।

राजविराजमा बसोबास गर्ने करिब ५० जना महिलालाई साहित्यकार तथा समाजसेवी झाले साडी बितरण गरेकी हुन् ।

झाले छठ पर्व श्रद्धा, आस्था र स्वच्छताको प्रतिक भएको उल्लेख गर्दै यस पर्वले महिलाहरूमा धार्मिक ऊर्जा र आत्मबल वृद्धि गर्ने बताइन् । उनले भनिन्, “छठ पर्व श्रद्धा, आस्था र स्वच्छताको प्रतिक हो । यस पर्वले महिलामा धार्मिक ऊर्जा र आत्मबल वृद्धि गर्छ ।”

साहित्यकारसमेत रहेकी झा विगतदेखि नै छठ पर्वलगायत विभिन्न धार्मिक तथा सामाजिक अवसरमा सहयोग गर्दै आएकी छन् । साडी वितरण कार्यक्रममा स्थानीय श्रद्धालु महिलाहरूको सक्रिय सहभागिता रहेको थियो ।

सरसफाईपछि ‘स्कूल पोखरी’ बन्यो पानीको भरपर्दो श्रोत







दैनिक समाचारदाता
राजविराज, २४ कात्तिक ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-७ मनसापुरस्थित वभनगामा कट्टी स्कूल बाहिर रहेको ‘स्कूल पोखरी’ अस्तित्व नै गुमाउने अवस्थामा थिए । पोखरी र त्यसको डिलबीच भिन्नता छुट्याउन समेत कठिन थियो । पातपतिङ्गर, झारपात, घाँस र जलकुम्भीले भरिएको पोखरी फोहोर र अव्यवस्थाको पर्याय बनेको थियो ।

तर, अहिले त्यही पोखरीको स्वरुप फेरिएको छ । पोखरीको डिल मर्मत तथा सौन्दर्यीकरण गरिएको छ भने वरिपरि वृक्षारोपण समेत गरिएको हो । पोखरीमा पानी भण्डारण भएपछि स्थानीय किसानका लागि यो सिचाइको महत्वपूर्ण स्रोत बनेको स्थानियको विश्वास छ ।

गेर सलहेस सामुदायिक विपद् व्यवस्थापन समिति (सीडीएमसी) का अध्यक्ष ५९ वर्षीय इन्द्रदेव सरदारका अनुसार पहिले पोखरीको अवस्था निकै दयनीय थियो ।

“पोखरी कुन हो र डिल कुन हो भनेर छुट्याउन सकिने अवस्था थिएन । पातपतिङ्गर, घाँस र जलकुम्भीले पूरै भरिएको थियो । अहिले हेर्दा बल्ल पोखरी जस्तो देखिन थालेको छ” उनले भने ।

कोका-कोला फाउन्डेसनको आर्थिक सहयोग, प्रस्पर ग्लोबलसँगको साझेदारी तथा जनचेतना अभियान नेपालको आयोजनामा सञ्चालित ‘नेपालमा पूर्वानुमानमा आधारित पूर्वकार्यको सुदृढीकरण परियोजना’ अन्तर्गत पोखरीको पुनःस्थापना गरिएको हो ।

पोखरीको डिल मर्मत, सरसफाइ, सौन्दर्यीकरण र वृक्षारोपणले स्वरुप मात्र परिवर्तन भएको छैन, पानी सञ्चय गर्ने क्षमता समेत बढाएको हो । अहिले पोखरीमा पर्याप्त पानी भण्डारण हुन थालेपछि खडेरीका समयमा धान, गहुँ लगायतका बालीमा सिचाइ गर्न किसानलाई सहज हुने भएको हो ।

अध्यक्ष सरदारका अनुसार पोखरीको पानीबाट करिब ३० बिघा जग्गामा सिचाइ पुऱ्याउन सकिनेछ । यसले वर्षा नहुँदा वा लामो समय खडेरी पर्दा पनि किसानलाई खेतीपाती जोगाउन सहयोग पुग्ने छ ।

पोखरीको दिगो संरक्षणका लागि सामुदायिक विपद् व्यवस्थापन समितिले नियमित रेखदेख तथा संरक्षणको जिम्मेवारी निर्वाह गर्ने सरदारले बताए ।

यो परिवर्तनले स्थानीय समुदायको सहभागिता र सामूहिक प्रयासबाट प्राकृतिक स्रोतको संरक्षण गर्दै जीविकोपार्जनमा सकारात्मक योगदान पुऱ्याउन सकिने उनको भनाई छ ।

तीन लाख ५० हजार बराबरको पटका बरामद

दैनिक समाचारदाता
पर्सा, २४ कात्तिक ।

प्रहरीले पर्सा जिल्लामा चार दिनमा करिब तीन लाख ५० हजारबराबरका पटाका, आतिशबाजी तथा विस्फोटकजन्य पदार्थ बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालय तथा मातहतबाट खटिएको प्रहरी टोलीले यही कात्तिक २१ गतेदेखि हालसम्म विभिन्न स्थानबाट खुर्सानी पटाका, चक्र, फुलझरी, रकेट पटाका, आलु बम, झिरझिरेलगायतका पटाका तथा आतिशबाजीजन्य पदार्थ नियन्त्रणमा लिई बरामद गरेको हो ।

साथै पटाका, आतिशबाजीजन्य पदार्थ विस्फोटक पदार्थअन्तर्गत पर्ने र कानुनद्वारा उक्त पदार्थको उत्पादन, भण्डारण, बिक्री वितरण, ओसारपसार र प्रयोगमा बन्देज गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिए ।

उनले भन्नुभयो, “पटाका, आतिशबाजीजन्य पदार्थ विस्फोटक पदार्थको प्रयोगले जनधनको क्षति आगलागी र वातावरण प्रदूषणजस्ता समस्या सिर्जना गर्ने भएकाले पटाका आतिशजन्य पदार्थको उत्पादन, भण्डारण, बिक्रीवितरण, ओसारपसार र प्रयोग नगर्न अनुरोध गरिन्छ ।”

प्रहरीले बालबालिकालाई विस्फोटक पदार्थको गतिविधिमा संलग्न नगराई सम्भावित जोखिमबाट बचेर सुरक्षित र हर्षोल्लासका साथ चाडपर्व मनाउन सर्वसाधारणमा अनुरोध गरेको छ ।

सोमबारमात्रै पर्साको पकाहाँ मैनपुर गाउँपालिका-२, मधुबनीमा पटाका पड्काउने क्रममा छर्रा लागेर पाँच वर्षीय बालक कुन्दन सहनीको मृत्यु भएको छ ।

कुन्दनको मृत्युपछि प्रहरीले उक्त पदार्थको ओसारपसार, बिक्री वितरण र प्रयोगमा थप कडाइ गरेको छ । सीमावर्ती क्षेत्रमा हुने पटाकाको अवैध कारोबार नियन्त्रण गर्न प्रहरी गस्ती तथा निगरानीलाई प्रभावकारी बनाइएको छ ।

प्रहरीले यसअघि असोज २६ गते चाडपर्वको समयमा पटाका र विस्फोटकजन्य सामग्रीबाट टाढा रहन अनुरोध गरेको थियो ।

सडक दुर्घटनाबाट बचौं र बचाऔं

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमित मर्मत सम्भार गरौं,
- पैदल यात्रुले बाटो काँदा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी वा अस्पतालमा सम्पर्क गरौं ।



ट्राफिक नियम पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

हुलाकी सडक निर्माणले गाउँसम्मको यात्रा सहज

नेपालको तराई-मधेश क्षेत्रको विकास र समृद्धिसँग जोडिएको महत्वपूर्ण आयोजना हो हुलाकी सडक । वर्षौंदेखि जीर्ण सडक, धुलाम्मे बाटो र वर्षायाममा हिलाम्मे सडकको समस्या झेल्दै आएका ग्रामीण क्षेत्रका नागरिकका लागि हुलाकी सडक निर्माणले ठूलो राहत दिएको छ । सडक विस्तार र स्तरोन्नतिसँगै अहिले गाउँबाट बजार, सदरमुकाम तथा अन्य जिल्लासम्मको यात्रा पहिलेभन्दा सहज बन्दै गएको छ । हुलाकी सडकले केवल यातायातलाई सहज बनाएको छैन, यसले ग्रामीण अर्थतन्त्रलाई समेत चलायमान बनाउने सम्भावना बढाएको छ । किसानले उत्पादन गरेका कृषि उपज बजारसम्म पुऱ्याउन, विद्यार्थीलाई विद्यालय तथा कलेज जान, बिरामीलाई अस्पताल पुग्न र सर्वसाधारणलाई सरकारी सेवा लिन सहज भएको छ । सडकको पहुँच बढेसँगै गाउँमा व्यापार व्यवसाय, रोजगारी र आर्थिक गतिविधि विस्तार हुने अपेक्षा पनि बढेको छ ।

विशेषगरी सप्तरीलगायत तराईका जिल्लामा हुलाकी सडकको महत्व अझ बढी छ । ग्रामीण बस्तीलाई मुख्य बजार र प्रशासनिक केन्द्रसँग जोड्ने भएकाले यसले स्थानीय विकासको नयाँ ढोका खोल्न सक्छ । विगतमा सडककै कारण पछाडि परेका गाउँहरू अब विकासको मूल प्रवाहमा जोडिने आशा गर्न सकिन्छ । तर सडक निर्माण हुनु मात्र पर्याप्त छैन। निर्माण भएका सडकको गुणस्तर कायम राख्नु, अधुरा खण्ड समयमै पूरा गर्नु, पुल तथा कल्भर्ट निर्माण गर्नु र सडक किनारमा आवश्यक नाला तथा संकेत चिह्न राख्नु पनि उत्तिकै आवश्यक छ । सडक निर्माणका क्रममा गुणस्तरहीन काम र ढिलासुस्ती भए त्यसको प्रत्यक्ष मार सर्वसाधारणले नै खेप्नुपर्ने हुन्छ ।

हुलाकी सडकलाई केवल यातायातको माध्यमका रूपमा मात्र नभई ग्रामीण विकास, कृषि, व्यापार र समृद्धिको आधारका रूपमा लिनुपर्छ । तसर्थ यसको पूर्ण उपयोग गर्न सके गाउँसम्मको यात्रा सहज हुनुका साथै ग्रामीण जीवनस्तर सुधारमा समेत महत्वपूर्ण योगदान पुग्नेछ ।

सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् ।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

कंकालिनी मन्दिर : हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

शम्भुनाथ मन्दिर : यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

हनुमान मन्दिर : हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुरदा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

कोशी टप्पु : कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित विभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

धारापानी क्षेत्र : चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

लोहजारा दह : तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं ।

जनहीतका लागि : राजविराज दैनिक

जलवायु संकट विश्वव्यापी स्वास्थ्य संकटका रूपमा विकसित !

भीष्मराज ओझा

अन्ताल्या (टर्किए), २४ कात्तिक (रासस)।

जलवायु परिवर्तनका कारण अत्यधिक गर्मी, वायु प्रदूषण र जलवायुसम्बन्धी विपद् बढ्दै जाँदा विश्वव्यापी स्वास्थ्य सङ्कट गहिरिँदै गएको जलवायु तथा स्वास्थ्य क्षेत्रका विज्ञहरूले बताएका छन् ।

टर्किएको अन्ताल्यामा जारी जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय पक्ष राष्ट्रहरूको ३१औँ सम्मेलन (कोप-३१) का अवसरमा विश्व मौसम विज्ञान सङ्गठन (डब्ल्युएमओ) ले सार्वजनिक गरेको सन् २०२६ को जलवायु अवस्थासम्बन्धी प्रतिवेदनबारे आयोजित पत्रकार सम्मेलनमा उनीहरूले जलवायु सङ्कट महामारीको स्तरमा पुगेको बताएका हुन् । जलवायु परिवर्तनले स्वास्थ्य प्रणाली र पूर्वाधारमा समेत गम्भीर असर पारिरहेको उनीहरूको भनाइ थियो ।

कार्यक्रममा संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी कार्यकारी सचिव साइमन स्टिलले दक्षिण एसियामा करोडौँ मानिस अत्यधिक गर्मीको जोखिममा रहेको र उत्तरी गोलार्द्धको यस वर्षको ग्रीष्मकालमा तापक्रमले विगतका सबै रेकर्ड तोड्दा युरोपमा मात्रै अनुमानित ५० हजार मानिसको मृत्यु भएको बताउनुभयो ।

"धेरै मानिसका लागि जलवायु परिवर्तन घातक बन्दै गएको छ । शक्तिशाली एल निनोले जलवायुसम्बन्धी असरलाई थप तीव्र बनाउँदै दोहोरो प्रहार गरिरहेको छ । जलवायु सङ्कट अहिले महामारीको स्तरमा पुगेको विश्वव्यापी स्वास्थ्य सङ्कट हो," उहाँले भन्नुभयो ।

जलवायु परिवर्तनका कारण गर्भवती महिला, नवजात शिशु तथा मातृस्वास्थ्यमा देखिएका असर अर्को गम्भीर स्वास्थ्य चुनौतीका रूपमा विकसित भइरहेको उहाँले बताउनुभयो । यसको प्रमुख कारण ठूलो परिमाणमा कोइला, तेल र ग्यासको प्रयोग तथा वन विनाश रहेको उहाँको भनाइ थियो ।

जलवायु तथा स्वास्थ्यका विषयलाई विश्वव्यापी प्राथमिकतामा ल्याउन योगदान गरेकोमा वेलकम, विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ) लगायतका संस्थालाई धन्यवाद दिँदै उहाँले मातृस्वास्थ्य क्षेत्रमा कार्यरत एक हजार स्वास्थ्यकर्मीमाथि गरिएको सर्वेक्षणका नयाँ तथ्याङ्कले यस क्षेत्रको जोखिम उजागर गरेको बताउनुभयो ।

यस वर्षको कोप सम्मेलन व्यावहारिक समाधान अघि बढाउने र त्यसबाट जनजीवनमा प्रत्यक्ष सकारात्मक परिवर्तन ल्याउने विषयमा केन्द्रित रहेको उहाँले उल्लेख गर्नुभयो । टर्किए र अस्ट्रेलियाको मार्गदर्शनमा स्वास्थ्यको विषयलाई सम्मेलनमा पुनः प्राथमिकतामा राखिएको तथा ब्राजिलको बेलेममा सम्पन्न कोप-३० का उपलब्धिलाई अघि बढाइने उहाँले बताउनुभयो ।

जलवायु तथा स्वास्थ्य वित्तदाता गठबन्धनले हालसम्म २० करोड अमेरिकी डलरभन्दा बढी रकम प्रदान गरिसकेको जानकारी दिँदै उहाँले सम्मेलनका क्रममा उक्त कोषमा थप रकम जुटेको बताउनुभयो ।

विश्वव्यापी स्वास्थ्य सङ्कट समाधानका उपाय उपलब्ध रहेको उल्लेख गर्दै उहाँले विद्युतीकरण र स्वच्छ ऊर्जाको विस्तारलाई महत्त्वपूर्ण उपायका रूपमा प्रस्तुत गर्नुभयो ।

"यस कोपमा राष्ट्रहरूसामु एउटा छनोट छ- विद्युतीय ऊर्जा वा ऊर्जा सङ्कट । विश्व अर्थतन्त्रलाई विद्युतीय युगअनुकूल पुनर्संरचना गर्ने कि परिवार, व्यवसाय, सरकार र स्वास्थ्य प्रणालीले जीवाश्म इन्धनको निरन्तर बढ्दो मूल्य चुकाइरहने भन्ने निर्णय गर्नुपर्नेछ," उहाँले भन्नुभयो ।

प्रभावकारी विद्युतीय प्रविधि र स्वच्छ ऊर्जाको प्रयोगले पृथ्वीको तापक्रम बढाउने प्रदूषण तथा घरपरिवारको बढ्दो खर्च घटाउन महत्त्वपूर्ण भूमिका खेल्ने उहाँको भनाइ थियो ।

यसैगरी, विश्व मौसम विज्ञान सङ्गठनका महासचिव सेलिस्टे साउलोले जलवायु परिवर्तनको वैज्ञानिक प्रमाण स्पष्ट रहेको र विश्वले लगातार तापक्रमका नयाँ रेकर्ड सामना गरिरहेको बताउनुभयो ।

सन् २०२६ को जलवायु अवस्थासम्बन्धी प्रतिवेदनले कोप-३१ को छलफलमा वैज्ञानिक तथ्य र प्रमाणलाई केन्द्रमा ल्याएको उल्लेख गर्दै उहाँले पछिल्ला १२ वर्ष अहिलेसम्मकै सबैभन्दा गर्मी वर्षका रूपमा रेकर्ड भएको जानकारी दिनुभयो । सन् २०२६ सहित पछिल्ला चार वर्ष अहिलेसम्मकै सबैभन्दा गर्मी चार वर्ष बनेको उहाँले बताउनुभयो ।

सन् २०२६ को जनवरीदेखि सेप्टेम्बरसम्म विश्वको औसत तापक्रम औद्योगिक युग सुरु हुनुअघिको औसतभन्दा करिब १.४७ डिग्री सेल्सियस बढी रहेको उहाँले जानकारी दिनुभयो । शक्तिशाली एल निनोका कारण सन् २०२६ को समग्र तापक्रम अझ बढ्न सक्ने उहाँको भनाइ थियो ।

एल निनोको प्रभाव यसको विकास भएको वर्षभन्दा त्यसपछिको वर्षमा विश्वव्यापी तापक्रममा बढी देखिने भएकाले सन् २०२४ अहिलेसम्मकै सबैभन्दा गर्मी वर्ष बनेको र सन् २०२७ मा पनि तापक्रमले नयाँ रेकर्ड कायम गर्न सक्ने उहाँले बताउनुभयो ।

सन् २०२६-२०२७ को एल निनो आफूहरूले अहिलेसम्म अनुगमन गरेका घटनामध्ये असाधारण रहेको उल्लेख गर्दै उहाँले सन् २०२६ नोभेम्बरदेखि सन् २०२७ जनवरीसम्म उष्णकटिबन्धीय प्रशान्त महासागरको सतहको तापक्रम औसतभन्दा झन्डै चार गुणासम्म बढी हुन सक्ने पूर्वानुमान गरिएको बताउनुभयो ।

विश्वका समुद्रको तापक्रम लगातार दसौँ वर्ष उच्च स्तरमा पुगेको, सन् २०२६ मा समुद्री सतहको तापक्रमले मासिक रेकर्ड तोडेको तथा समुद्री सतह अहिलेसम्मकै उच्च बिन्दुमा पुगेको उहाँले जानकारी दिनुभयो । समुद्री सतह बढ्दा तटीय तथा होचो भूभागमा बसोबास गर्ने करिब ९० करोड मानिसको जोखिम बढेको उहाँले बताउनुभयो ।

गर्मीका लहर, उष्णकटिबन्धीय चक्रवात र वर्षाजन्य विपद् विगतको तुलनामा तीव्र बन्दै गएको उल्लेख गर्दै उहाँले सन् २०२६ मा लाखौँ मानिस असह्य गर्मीको जोखिममा परेको र युरोपमा मात्रै अत्यधिक गर्मीका कारण दशौँ हजार अतिरिक्त मृत्यु भएको बताउनुभयो ।

भारत, पाकिस्तान तथा एसिया र उत्तर अमेरिकाका ठूलो भूभागले खतरनाक गर्मीको सामना गर्नुपरेको उल्लेख गर्दै उहाँले दक्षिणी गोलार्द्धमा गर्मी याम सुरु हुँदै गर्दा थप जोखिम देखिन सक्ने बताउनुभयो ।

चीन र नेपालमा भएका विपद्ले उच्च हिमाली क्षेत्रमा हुने प्राकृतिक प्रकोपबाट तल्लो तटीय तथा नदी किनारका समुदायसमेत गम्भीर जोखिममा पर्न सक्ने देखाएको उहाँले बताउनुभयो । कोप-३१ सुरु भइरहँदा दक्षिण अमेरिका र अफ्रिकाका केही क्षेत्रमा विनाशकारी बाढी तथा एसिया, प्रशान्त क्षेत्र र मध्यअमेरिकाका विभिन्न देशमा खडेरीको अवस्था रहेको उहाँले उल्लेख गर्नुभयो ।

यद्यपि, जलवायु जोखिम न्यूनीकरणका प्रयासले सकारात्मक नतिजा दिन थालेको उहाँले बताउनुभयो । बहुप्रकोप पूर्वसूचना प्रणालीसम्बन्धी प्रतिवेदन पेस गर्ने देशको सङ्ख्या सन् २०१५ मा ५६ रहेकामा सन् २०२५ मा बढेर १३६ पुगेको उहाँले जानकारी दिनुभयो ।

सबैका लागि पूर्वसूचना प्रणाली (अर्ली वार्निङ्स फर अल) को लक्ष्य प्राप्तितर्फ भएका प्रगतिको समीक्षा कोप-३१ मा गरिने उल्लेख गर्दै उहाँले यस्तो प्रणाली संयुक्त राष्ट्रसङ्घको मात्र नभई सम्पूर्ण मानवजातिको साझा जिम्मेवारी भएको बताउनुभयो ।

पूर्वसूचना प्रणाली प्रभावकारी बनाउन मौसमसम्बन्धी अवलोकन, तथ्याङ्क र वैज्ञानिक सूचनाको गुणस्तर बलियो हुनुपर्ने उहाँको भनाइ थियो । त्यसका लागि विश्वका सबै क्षेत्रमा निरन्तर मौसम अवलोकन र तथ्याङ्क सङ्कलनमा लगानी बढाउन उहाँले आग्रह गर्नुभयो ।

"हामी आँखामा पट्टी बाँधेर अघि बढ्न सक्दैनौं," उहाँले भन्नुभयो । जलवायु सङ्कट अस्तित्वसँग जोडिएको चुनौती भएकाले कोप-३१ बाट तत्काल आवश्यक निर्णय लिनुका साथै तिनको कार्यान्वयनका लागि पर्याप्त वित्तीय स्रोतको व्यवस्था गर्नुपर्ने उहाँले बताउनुभयो ।

वेलकमका जलवायु तथा स्वास्थ्य निर्देशक एलन डाङ्गोरले विश्व मौसम विज्ञान सङ्गठनको प्रतिवेदनले वायुमण्डलमा हरितगृह ग्यासको उच्च सघनता, स्थल र समुद्रको तापक्रममा नयाँ रेकर्ड, समुद्री बरफ पग्लने क्रम तथा समुद्री सतह वृद्धिको गम्भीर अवस्था उजागर गरेको बताउनुभयो ।

जलवायु परिवर्तनको असरबाट विश्वका कुनै पनि क्षेत्र अछुतो नरहेको उल्लेख गर्दै उहाँले जलवायु वार्तामा मानव स्वास्थ्य र जनजीवनलाई पर्याप्त प्राथमिकता दिनुपर्ने बताउनुभयो । 'द ल्यान्सेट काउन्टडाउन' को वार्षिक प्रतिवेदनलाई उद्धृत गर्दै उहाँले जीवाश्म इन्धनको प्रयोग र मानव सिर्जित जलवायु परिवर्तनका कारण वायु प्रदूषण तथा अत्यधिक गर्मीबाट प्रत्येक वर्ष ३० लाखभन्दा बढी मानिसको मृत्यु हुने अनुमान रहेको जानकारी दिनुभयो । यसबाट थप करोडौँ मानिसको स्वास्थ्य र समृद्धिमा प्रतिकूल असर परेको उहाँले बताउनुभयो ।

सन् २०२५ मा विश्वको करिब ५२ प्रतिशत भूभाग कम्तीमा एक महिनासम्म अत्यधिक खडेरीबाट प्रभावित भएको उल्लेख गर्दै उहाँले यसले किसान तथा बाहिरी क्षेत्रमा काम गर्ने श्रमिकलाई प्रत्यक्ष असर पारेको बताउनुभयो । भूमिगत जलभण्डारमा सुक्खा र ओसिलो अवस्थाको बदलिँदो प्रवृत्तिले खाद्य सुरक्षा र सरसफाइमा समेत गम्भीर स्वास्थ्य समस्या निम्त्याएको उहाँको भनाइ थियो ।

यद्यपि, जलवायु तथा स्वास्थ्य सङ्कट समाधानका उपाय उपलब्ध रहेको उहाँले बताउनुभयो । जीवाश्म इन्धनबाट हुने वायु प्रदूषण घटेका कम्तीमा ७७ देशमा स्वच्छ हावाका कारण प्रत्येक वर्ष तीन लाखभन्दा बढी मानिसको ज्यान जोगिएको उहाँले उल्लेख गर्नुभयो ।

विद्युतीकरण र स्वच्छ ऊर्जाको प्रयोगले मानव जीवन जोगाउनुका साथै स्वास्थ्य उपचार खर्च घटाउने, गर्मीसम्बन्धी पूर्वसूचना प्रणालीले मौसमी विपद्बाट हुने मृत्यु रोक्न सहयोग गर्ने तथा जलवायु अनुकूलनका उपायमा अहिले नै लगानी गर्दा भविष्यमा ठूलो आर्थिक तथा मानवीय क्षति रोक्न सकिने उहाँले बताउनुभयो ।

वेलकमले ३५ भन्दा बढी परोपकारी संस्थासँग मिलेर ब्राजिलको बेलेममा सम्पन्न कोप-३० मा जलवायु तथा स्वास्थ्य वित्तदाता गठबन्धन स्थापना गरेको जानकारी दिँदै उहाँले गठबन्धनका लागि प्रारम्भिक चरणमा ३० करोड अमेरिकी डलरको संयुक्त प्रतिबद्धता प्राप्त भएको बताउनुभयो ।

बाँकी तीन पृष्ठमा

नेपालले भोग्दै गरेको विपत्ति र जलवायु कूटनीतिको आवश्यकता

एकराज पाठक

काठमाडौँ, २४ कात्तिक (रासस)।

दुनियाँमा कूटनीतिका अनेक आयाम र अभ्यासहरू अपनाइएका छन् । परराष्ट्र नीति स्थिर र सरकारैपिच्छे परिवर्तन हुने प्रकृतिको नभए पनि कूटनीतिका आयामहरू भने समय, परिस्थिति, विषयवस्तु र राष्ट्रिय स्वार्थ एवं आवश्यकताअनुसार फेरबदल हुँदै जान्छन् । कूटनीति खासगरी विदेशमा तथा विदेश सम्बन्धमा अपनाइने कुनै पनि मुलुकको परराष्ट्र नीति हो र यो मूलतः राष्ट्रको हित अनुकूल निर्माण र परिचालन हुने गर्दछ। यसलाई समय र परिस्थितिले प्रभाव पार्छ, तर राष्ट्रिय स्वार्थभन्दा बाहिर होइन ।

यतिखेर नेपालले कूटनीतिको आयाममा यस्तै परिवर्तन गरेर जलवायु कूटनीति अवलम्बन गर्नु आवश्यक छ। पछिल्ला वर्षहरूमा हामीले गरिरहेका श्रम, उर्जा, अर्थ पनि नयाँ कूटनीतिक अभ्यास हुन् । अब यसमा जलवायु थप्नु र यसको कूटनीतिक दायरा फराकिलो पार्नु थप जरुरी देखिएको छ ।

जलवायु कूटनीति नेपाललाई जलवायु परिवर्तनका कारण परेको प्रभाव, असर र यसबाट भएको क्षतिका बारेमा विश्व समुदायलाई जानकारी दिनु र न्यायका लागि विश्वसमक्ष आफ्नो हक अधिकार स्थापित गर्नु नै हो । जलवायु परिवर्तनको असरका लागि नेपालको योगदान कति छ र यसले हामी माथि परेको मार के हो भन्ने विषयका प्रामाणिक तथ्य र मापदण्डहरू निर्माण गरेर राष्ट्रिय हित अनुकूल हुने गरी विश्व समुदायसँग कूटनीतिक पहल गर्नु यो कूटनीतिको उद्देश्य हुनुपर्दछ ।

यसको वास्तविकताको नजिक पुगदा जलवायु परिवर्तनले हामीलाई कति क्षति पुऱ्याइरहेको छ भन्ने कुराको लेखाजोखा निस्कन्छ । जलवायु परिवर्तनको असरका लागि मुख्य कारक मानिएको कार्बन उत्सर्जनको मात्रा मापन गर्ने हो भने यो हाम्रातर्फबाट त छँदैछैन भन्दा पनि फरक पर्दैन । तर पनि जलवायुजन्य जोखिम अर्थात् विपद् व्यहोर्नेमा भने हामी लगभग संसारकै अग्रपङ्क्तिमा आइसकेका छौँ । यसका अनेक उदाहरण हामीसँगै छन् र त्यसको पछिल्लो उदाहरण भोटेकोशी महाविपत्ति, बुढीगण्डकीको बाढी आदि हुन् ।

हामी वास्तवमा नखाएको विष लागेर मर्कामा छौँ । जुन कारणका लागि हाम्रो कुनै योगदान नै छैन भने त्यसको दुष्परिणाम भोग्न बाध्य छौँ । त्यसो भए हामीले क्षतिपूर्ति पाउने कि नपाउने ? यस्तो विपद् व्यहोर्न बाध्य हामीले अब आफ्ना प्रमाण र प्रामाणिक आधारसहित विश्व न्याय मञ्चमा उभिनुपर्छ । यही बहस र न्यायको याचनालाई राष्ट्रसङ्घसहित विश्व मञ्चमा वकालत गर्नु नै जलवायु कूटनीतिको कौशल हो ।

बाढी, पहिरो, हिमताल विस्फोट, खडेरी, डढेलो, तापक्रम वृद्धि र हिमनदी पग्लिनेजस्ता विपत्तिहरूबाट हामी जति बढी पीडित हुँदै जान्छौँ, त्यति नै बढी हाम्रा कूटनीतिका पञ्जा बलियो पार्दै जानुपर्छ । यो कूटनीति अन्तरराष्ट्रिय समुदायलाई जानकारी गराउने र राहत माग्नेमा मात्र सीमित राख्नुहुँदैन । यसलाई हाम्रा परम्परागत कूटनीतिक कर्मबाट माथि उठाउनुपर्छ ।

नेपालले अब क्षतिको वैज्ञानिक र प्रमाणमा आधारित अभिलेख जुटाएर अन्तरराष्ट्रिय मञ्चमा प्रस्तुत गर्नुपर्दछ । यसका लागि प्रत्येक ठूलो बाढी, पहिरो, हिमताल विस्फोट वा हिमनदीजन्य घटनामा मानवीय, आर्थिक, पूर्वाधारगत, वातावरणीय तथा गैर-आर्थिक क्षति छुट्टाछुट्टै अभिलेख गर्नका लागि एक प्रकारको स्थायी संयन्त्र निर्माण गर्ने र अनुसन्धानको प्रक्रियालाई मजबुत बनाउनुपर्छ । त्यसपछि सहायता होइन हामीलाई न्याय चाहिन्छ भन्ने तथ्य अघि सार्नुपर्छ । विकसित तथा बढी कार्बन उत्सर्जन गर्ने मुलुकहरूका कारण नै नेपालजस्ता कमजोर मुलुकले भोगिरहेको क्षतिबीचको सम्बन्धलाई स्पष्ट रूपमा उठाउनका लागि चाहिने प्रामाणिक तथ्यहरू हामीले नै जुटाउनुपर्छ । र, त्यसपछि गर्नुपर्ने वकालत पनि कूटनीतिक दक्षता नै हो ।

यस विषयमा विश्वव्यापी रूपमा नै 'लविङ' गर्नका लागि हाम्रोजस्तै भूबनोट एवं क्षतिको जोखिममा रहेका हिमाली मुलुकहरूको साझा मोर्चा बनाएर एकाताबद्ध रूपमा अघि बढ्न पनि सकिन्छ । नेपालले एक्लै आवाज उठाउँदा अन्तरराष्ट्रिय रूपमा त्यो आवाज अलिक कम सुनिने भयो भने यस्तै मुलुकहरूको साझा मञ्चसहितको एक कूटनीतिक गठबन्धन निर्माण गर्नुपर्छ । हिमालयन हिन्दकुशका साथै पर्वतीय र साना टापु राष्ट्रसँग हामीले सहकार्य गर्दै साझा मागलाई अघि बढाउन सक्छौँ ।

हिमनदी पग्लिनु, हिमताल विस्फोट, पहाडी भू-क्षय र अतिवृष्टिले नेपालमा मात्र होइन, समग्र दक्षिण एसियाको पानी, खाद्य सुरक्षा र अर्थतन्त्रलाई असर गर्छ भन्ने कुरा विश्व समुदायलाई बुझाउनुपर्छ । यसको अगुवाई नेपालले नै गर्न सक्छ र त्यसका लागि दरिलो कूटनीतिक प्रयास आवश्यक छ ।

सरकार परिवर्तनसँगै बदलिने होइन र यो परराष्ट्र मन्त्रालयको काम मात्र पनि होइन भनेर कृषि, वन तथा पर्यावरण र अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, विपद् व्यवस्थापनसम्बन्धी निकायहरू, विश्वविद्यालय तथा अनुसन्धान संस्थाहरूका बीचमा समन्वय गरी दीर्घकालीन राष्ट्रिय जलवायु कूटनीति रणनीति पनि निर्माण गर्न सकिन्छ ।

विश्वको विभिन्न भूगोल र क्षेत्रमा परराष्ट्र सम्बन्ध तथा कूटनीतिका बहुआयामिक स्वरुपहरू विस्तार र विस्तृत हुँदै गइरहेको पनि छ/। अहिले विश्वमा नयाँ आयामको विकास भएसँगै परम्परागत कूटनीतिक दायरालाई पनि थप फराकिलो बनाउने प्रयत्न पनि गर्ने गरिएको छ । हाम्रो भौगोलिक अवस्थिति, भूराजनीतिक परिवेशको विशिष्टताका कारण पनि हामीले समयानुकूल कूटनीतिका आयामको विकास र विस्तार गर्नुपर्छ ।

नेपालका लागि अबका दिनमा जलवायु कूटनीतिको फैलावट हाम्रा लागि अति आवश्यक छ । हामीले स्थान पाउने क्षेत्रीय, अन्तरराष्ट्रिय या विश्वमञ्चमा जलवायु परिवर्तनका कारण हामीमाथि परेको असरका कुरालाई राख्न छोड्नुहुँदैन । यी स्थानमा हामीले राख्ने हाम्रा आवाजबाट नै हाम्रो समस्या र अवस्था विश्व जगतमा पुग्न सक्छ । त्यस्तै हाम्रा द्विपक्षीय कुनै अर्थपूर्ण बैठक एवं वार्ताहरूमा पनि यस विषयमा आफ्ना कुरा राख्न पछि पर्नुहुँदैन ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटर्रेस तीन वर्षअघि नेपाल आएर हिमाली क्षेत्रको भ्रमण पनि गर्नुभयो । आफैँले सामाजिक सञ्जालमा यसै गरी नेपालका हिमाल पग्लिँदै जाने हो भने भोलिको पुस्ताको अवस्थाबारे भन्न नसकिने सन्देश दिनुभएको थियो । त्यस भ्रमणलगत्तै युएईमा कोप सम्मेलन भयो । त्यहाँ उहाँले नै नेपालको अवस्थाका बारेमा दर्शाउनुभएको थियो । हाम्रो अवस्था र समस्याका बारेमा राष्ट्रसङ्घका महासचिवले नै विश्व समुदायलाई यस प्रकारको सन्देश दिनु जलवायु कूटनीतिको एक महत्वपूर्ण आयाम पनि हो । यतिमात्र नभएर त्यहाँ नेपालबारे भएको चर्चाबाट हामीले विश्व समुदायसामु के फाइदा लिन सक्यौँ त ?

हाम्रो आवाज विश्वमञ्चमा त पुग्यो तर पनि त्यसबमोजिमको सम्बोधन हामीलाई भएको छ कि छैन ? यो नै अब अघि बढाउनुपर्ने जलवायु कूटनीति हो । जे विषय र कारणले हामी पीडित छौँ, त्यसका लागि हाम्रो आवाज कूटनीतिक रूपमा बुलन्द पार्न सक्नु र पीडितका पक्षमा परिस्थितिको सशक्त वकालत गर्न सक्नु नै जलवायु कूटनीति हो ।

नेपालले यसै विषयमा अन्तरराष्ट्रिय अदालत (आइसिजे) मा आफ्नो उपस्थिति दर्शाएको मात्र नभएर आफ्नो अधिकारको दावी गरिसकेको छ । जलवायु परिवर्तनले नेपाललाई परेको असर र पाउनुपर्ने क्षतिपूर्तिका बारेमा नेपालले करिब दुई वर्षअघि सो अदालतमै उपस्थित भएर न्याय मागेको हो । नेपालले यसरी अन्तरराष्ट्रिय अदालतमा उपस्थित भएर जलवायु न्यायका लागि आफ्नो दाबी पेस गरेको यो पहिलो पटक पनि हो ।

विश्वका धनी तथा विकसित मुलुकले कार्बन उत्सर्जन गर्दा नेपालजस्ता मुलुक समस्यामा परेको तथ्य त विदितै छ । जलवायु परिवर्तनको कारकका रूपमा जुन देशको कुनै योगदान नै छैन तिनै देशले अहिले अस्वाभाविक असर बेहोर्नु कतिसम्मको अन्याय हो ? यसरी दोहोरो मारमा परेको दृष्टान्त नेपालले अन्तरराष्ट्रिय मञ्चहरूमा पेस गर्दै आएको छ ।

यही विषयलाई हामीले जलवायु कूटनीतिका माध्यमबाट उठाउनुपर्नेछ । हामीले हाम्रा समस्या, आवश्यकता र बाध्यतालाई अन्तरराष्ट्रिय समुदायसमक्ष दह्रो गरी राख्नुपर्ने छ । हाम्रा राष्ट्रिय हितका पक्षलाई देशव्यापी रूपमा स्थापित गरी आफ्ना अधिकारका पक्षमा कूटनीतिक कौशल प्रदर्शन गर्न सक्नुपर्दछ । हाम्रो जलवायु कूटनीतिको क्षमता पनि हो । हाम्रो कूटनीतिक सबलता भनेको वार्ता र 'पावर अफ पर्सुएसन' नै हो । कूटनीतिको यो अस्त्रलाई हामीले सक्दो प्रयोग र उपयोग गर्न सक्नुपर्दछ । परराष्ट्र मन्त्रालयले हालै स्थापना गरेको जलवायु कूटनीति शाखासँगको अपेक्षा पनि यही हो ।

जलवायु संकट ...

उक्त गठबन्धनले पहिलो वर्षमै अत्यधिक गर्मी, वायु प्रदूषण, जलवायुसंवेदनशील सङ्क्रामक रोग र तथ्याङ्क प्रणालीसम्बन्धी कामका लागि २२ करोड ५० लाख अमेरिकी डलरभन्दा बढी रकम प्रदान गरिसकेको उहाँले जानकारी दिनुभयो । साथै, नयाँ तथा पुराना दाताबाट थप १५ करोड अमेरिकी डलरको प्रतिबद्धता प्राप्त भएको उहाँले बताउनुभयो ।

जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित तथा जोखिममा रहेका समुदायलाई प्राथमिकतामा राखेर सरकार, निजी क्षेत्र र परोपकारी संस्थाबीच सहकार्य तथा लगानी बढाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

विशेषगरी बालबालिका, गर्भवती महिला, बाहिर काम गर्ने श्रमिक र ज्येष्ठ नागरिक जलवायु परिवर्तनको उच्च जोखिममा रहेकाले उनीहरूको स्वास्थ्य सुरक्षाका लागि प्रभावकारी नीति, योजना र तथ्याङ्क प्रणाली आवश्यक रहेको उहाँले बताउनुभयो ।

"जलवायुको अवस्था वास्तवमा मानव स्वास्थ्यको अवस्थाको सबैभन्दा ठूलो सूचक बनिसकेको छ । जलवायु वार्तालाई मानिसको जीवन त्यसैमा निर्भर भएजस्तै गम्भीरताका साथ अघि बढाउनुपर्छ, किनकि वास्तमै मानिसको जीवन त्यसैमा निर्भर छ," उहाँले भन्नुभयो ।

विश्व समाचार

एआई कम्पनीको नियमन गर्न अस्ट्रेलियाले छुट्टै निकाय स्थापना गर्ने

क्यानबेरा, २४ कात्तिक (रासस/सिन्ह्वा)।

सरकारले कृत्रिम बुद्धिमत्ता (एआई) प्रविधिको सुरक्षित, जिम्मेवार तथा व्यवस्थित विकास र प्रयोग सुनिश्चित गर्ने उद्देश्यले एआई विकासकर्ता कम्पनीहरूका लागि अनिवार्य सुरक्षा मापदण्ड लागू गर्ने घोषणा गरेको छ । प्रधानमन्त्री एन्थोनी अल्बानिजले मंगलबार क्यानबेरामा आयोजित पत्रकार सम्मेलनमार्फत उक्त जानकारी दिनुभएको हो । प्रधानमन्त्री अल्बानिजका अनुसार प्रस्तावित कानुनी व्यवस्थाअन्तर्गत एआई क्षेत्रको नियमन तथा अनुगमनका लागि छुट्टै नियामक निकाय स्थापना गरिनेछ । उक्त निकायले अस्ट्रेलियामा सञ्चालन हुने सबै अग्रणी एआई कम्पनीहरूले निर्धारित सुरक्षा तथा साइबर सुरक्षासम्बन्धी मापदण्ड पालना गरे-नगरेको अनुगमन गर्नेछ ।

नयाँ व्यवस्थाअनुसार एआई कम्पनीहरूले आफ्ना मोडेलको स्वतन्त्र मूल्याङ्कन गराउनुपर्नेछ । साथै, एआई प्रणालीको विकासदेखि प्रयोगमा ल्याउने चरणसम्म आवश्यक सुरक्षा नियन्त्रण कायम गर्नुपर्नेछ । कुनै पनि सुरक्षा जोखिम वा साइबर सुरक्षा घटना देखिएमा त्यसबारे तत्काल सरकारलाई अनिवार्य रूपमा जानकारी गराउनुपर्ने व्यवस्था पनि गरिनेछ । निर्धारित मापदण्ड पालना नगर्ने कम्पनीहरूमाथि नियामक निकायले उल्लेखनीय आर्थिक जरिवानासहित आवश्यक कानुनी कारबाही गर्न सक्ने व्यवस्था गरिनेछ । प्रधानमन्त्री अल्बानिजले एआई प्रविधिले अस्ट्रेलिया तथा विश्वका लागि दीर्घकालीन अवसर सिर्जना गर्न सक्ने उल्लेख गर्दै यसको विकास र प्रयोगलाई जिम्मेवार ढङ्गले अघि बढाउनुपर्नेमा जोड दिनुभएको छ । "हाम्रो जिम्मेवारी एआईले हामीलाई आफ्नो नियन्त्रणमा राख्ने अवस्था आउन नदिई हामीले नै एआईलाई सही दिशामा अघि बढाउनु हो," उहाँले भन्नुभयो । यसैबीच, अस्ट्रेलिया सरकारले एआईसँग सम्बन्धित साइबर सुरक्षा घटनाको व्यवस्थापनबारे गरिएको द्रुत समीक्षाका १८ वटा सिफारिस पनि सार्वजनिक गरेको छ । सरकारले गत सेप्टेम्बरमा उक्त समीक्षा सुरु गरेको थियो । ओपनएआईको एउटा मोडेलले गत जुन महिनामा अस्ट्रेलियाको सार्वभौमिक स्वास्थ्य सेवा प्रणाली मेडिकेयरसँग सम्बन्धित डेटा पोर्टलमा अनधिकृत पहुँच प्राप्त गरेको घटना सार्वजनिक भएपछि सरकारले समीक्षा प्रक्रिया अघि बढाएको थियो ।

उक्त समीक्षाले एआई कम्पनीहरूलाई प्रणालीको असंगत व्यवहार तथा साइबर सुरक्षा घटनाबारे सरकारलाई अनिवार्य रूपमा जानकारी गराउनुपर्ने व्यवस्था गर्न सुझाव दिएको छ । साथै, नियामकीय दायित्वको गम्भीर उल्लङ्घन गर्ने कम्पनीहरूमाथि फौजदारी सजायको व्यवस्था गर्न पनि सिफारिस गरिएको छ । प्रधानमन्त्री अल्बानिजले समीक्षाबाट प्राप्त सबै १८ वटा सिफारिस सरकारले स्वीकार गरेको जानकारी दिनुभएको छ । अस्ट्रेलिया सरकारको यस पहलले एआई प्रविधिको तीव्र विकाससँगै व्यक्तिगत विवरणको सुरक्षा, साइबर सुरक्षाको सुदृढीकरण तथा प्रविधि विकासकर्ता कम्पनीहरूको जवाफदेहितालाई प्राथमिकता दिएको छ । नयाँ व्यवस्था कार्यान्वयनमा आएपछि अस्ट्रेलियामा सञ्चालन हुने एआई कम्पनीहरूले प्रविधिगत विकाससँगै सुरक्षा र जिम्मेवारीका विषयमा थप ध्यान दिनुपर्ने अपेक्षा गरिएको छ ।

होर्मुज खोल्न इरानका सर्त पूरा गर्नुपर्ने तेहरानको अडान

तेहरान, २४ कात्तिक (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आठ महिनादेखि जारी युद्ध अन्त्य गर्ने दिशामा 'सकारात्मक गति' देखिएको बताइरहेका बेला इरानले स्ट्रेट अफ होर्मुज पुनः खोल्न अमेरिकाले आफ्ना माग पूरा गर्नुपर्ने जनाएको छ । कतार र पाकिस्तानले मध्यपूर्वको युद्ध अन्त्यका लागि कूटनीतिक प्रयास अघि बढाइरहेका छन् । फेब्रुअरीको अन्त्यतिर अमेरिका र इजरायलले गरेको आक्रमणमा इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनी मारिएपछि युद्ध सुरु भएको थियो । इरानले अमेरिकाले आफ्ना सर्त पूरा गरेमा द्वन्द्व सुरु भएदेखि बन्द रहेको विश्वको प्रमुख ऊर्जा आपूर्ति मार्ग होर्मुज दुई दिनभित्र खुला गर्न सकिने जनाएको छ ।

इरानी विदेशमन्त्री अब्बास अराघचीले इरानी समाचार संस्था इर्नासँग कुरा गर्दै सैन्य कारबाही वा थप प्रतिबन्धबाट द्वन्द्व समाधान नहुने बताउनुभयो । इरानका माग सम्बोधन गर्दै कूटनीतिक वार्तामा सहभागी हुनु नै समस्याको समाधान भएको उहाँको भनाइ थियो । इरानका सर्तमा सबै मोर्चामा युद्ध अन्त्य, रोक्का राखिएका इरानी सम्पत्ति फुकुवा, तेल निर्यातमाथिका प्रतिबन्ध हटाउने तथा इरानी बन्दरगाहमाथिको अमेरिकी नाकाबन्दी अन्त्य गर्नुपर्ने माग समावेश छन् । यसअघि सोमबार कतारका प्रधानमन्त्रीसँगको भेटपछि ट्रम्पले युद्ध अन्त्यका लागि सकारात्मक प्रगति भइरहेको बताउनुभएको थियो । मध्यावधि निर्वाचनमा आफ्नो रिपब्लिकन पार्टीले पराजय बेहोरेपछि वासिङ्टनले इरानमाथि पुनः आक्रमण गर्ने धम्की कम गरेको देखिएको छ । सामाजिक सञ्जालमा ट्रम्पले अमेरिका पूर्ण तयारी अवस्थामा रहेको उल्लेख गर्दै खाडी क्षेत्रका सहयोगी राष्ट्रहरू यथास्थिति कायम राख्न चाहेकाले थप आक्रमणको सम्भावना न्यून रहेको बताउनुभयो । अमेरिकाको हित सुरक्षित राख्दै युद्ध अन्त्य गर्ने दिशामा सकारात्मक गति देखिएको उहाँको भनाइ थियो । कतारका विदेश मन्त्रालयका अधिकारी इब्राहिम अल-हास्मीले पनि वार्तामा प्रगति भएको बताउनुभएको छ । मध्यस्थकर्ताहरूले दुवै पक्षका अडानबीचको दूरी घटाउन निरन्तर प्रयास गरिरहेको र आफूहरू आशावादी रहेको उहाँले बताउनुभयो ।

इरानी राजनीतिक विश्लेषक अली बिगदेलीले अमेरिकी मध्यावधि निर्वाचनपछि वासिङ्टन वार्तामा केही लचिलो देखिएको बताउनुभयो । तर, इरानका माग अमेरिकाका लागि स्वीकार गर्न कठिन रहेको उहाँको भनाइ थियो । दुवै देशबीचको गहिरो अविश्वासका कारण समाधान जटिल बनेको उहाँले उल्लेख गर्नुभयो । यसैबीच, इरानका सुरक्षा अधिकारी मोहसेन रेजाईले अमेरिकालाई इरानी माग स्वीकार गरी युद्ध अन्त्य गर्न आग्रह गर्नुभएको छ । युद्ध पुनः सुरु हुन सक्ने आशङ्काले खाडी क्षेत्रका राष्ट्रहरू पनि चिन्तित छन् । संयुक्त अरब इमिरेट्सका राष्ट्रपतिका कूटनीतिक सल्लाहकार अनवर गर्गाशले कूटनीतिक समाधानमार्फत खाडी क्षेत्रमा दिगो शान्ति र स्थिरता कायम हुने आशा व्यक्त गर्नुभयो । यद्यपि, लामो समयसम्म अनिश्चितता कायम रहे निर्णायक समाधान र क्षेत्रीय स्थिरता दुवै प्रभावित हुने उहाँको चेतावनी थियो ।

कमला पुल निर्माण अन्तिम चरणमा

जनकपुरधाम, २४ कात्तिक (रासस)।

तराई-मधेसको 'लाइफलाइन' मानिने हुलाकी राजमार्गअन्तर्गत धनुषा र सिरहालाई जोड्ने कमला नदीमाथि निर्माणाधीन बहुप्रतीक्षित पुलको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

वर्षौंदेखि पुल सञ्चालनको प्रतीक्षामा रहेका दुवै जिल्लाका स्थानीयवासी निर्माणकार्यले अन्तिम रूप लिन थालेपछि उत्साहित भएका छन्। पुल माथिको ढलानको काम सम्पन्न भइसको र पुललाई दुवै तर्फबाट जोड्न माटो हाल्ने काम भइरहेको हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरधामका प्रमुख कृष्णकुमार महतोले बताउनुभयो।

माटो फिलिङको काम सकिएपछि पुल मङ्सिर पहिलो सातादेखि बाट पुर्ण रूपमा सञ्चालन गरिने प्रमुख महतोले बताउनुभयो। यस्तै हुलाकी सडक अन्तर्गत धनुषाको जनकपुरधामस्थित कदमचोकदेखि कमला नदीको पुलसम्मको सडक सीमाभित्र निर्माण गरिएका अनधिकृत संरचना खाली गराएको छ।

प्रमुख महतोका अनुसार सडक सीमाभित्र निर्माण गरिएका घर, टहरा, घुम्ती पसललगायत संरचना हटाएर सडक खाली गराईएको छ। पटकपटक सूचना जारी गर्दा पनि सम्बन्धित व्यक्तिले संरचना नहटाएपछि बाध्य भएर डोजर प्रयोग गरेर संरचना हटाइएको प्रमुख महतोको भनाइ छ।

विसं २०६८ मा कमला पुल निर्माणको ठेक्का पप्पु-लुम्बिनी जेभीले पाएको थियो। विसं २०७८ असारमा उद्घाटनको तयारी भइरहेका बेला आएको बाढीले पुलका पिलर भाँचिएपछि निर्माण सम्पन्न हुन सकेको थिएन। पुल जीर्ण भएपछि स्थानीयवासीले लामो समयसम्म नदी वारपार गर्न डुङ्गाको सहारा लिनुपरेको थियो।

पुल पुनःनिर्माणका क्रममा देखिएका प्राविधिक तथा अन्य समस्या पहिचान गरी आवश्यक सहजीकरण गरेपछि निर्माणले गति लिएको प्रमुख महतोले बताउनुभयो। पुलका दुवैतर्फ पुग्ने सडकमा माटो भर्ने काम सम्पन्न भएपछि मङ्सिरदेखि सवारीसाधन सञ्चालन गर्ने लक्ष्यसहित निर्माणकार्यलाई तीव्रता दिइएको कार्यालयले जनाएको छ।

कमला नदीमा पुल नहुँदा तथा पुरानो पुलबाट आवतजावतमा समस्या भएपछि सिरहा र धनुषाका बासिन्दाले लामो समयदेखि सास्ती भोग्दै आएका थिए। विशेषगरी वर्षायाममा नदीमा पानीको बहाव बढ्दा स्थानीयवासीलाई आवतजावत गर्न डुङ्गा चढ्नुपर्ने अवस्था थियो। कतिपय अवस्थामा जोखिम मोलेर नदी पार गर्नुपर्ने बाध्यता रहँदै आएको थियो। पुल निर्माण सम्पन्न भई सञ्चालनमा आएपछि सिरहा र धनुषाबीचको यातायात सम्पर्क थप सहज हुने धनुषाको कमला नगरपालिकाका स्थानीय सुमनकुमार यादवले बताउनुभयो।

यसबाट दैनिक कामकाज, शिक्षा, स्वास्थ्य सेवा, व्यापार तथा अन्य सामाजिक गतिविधिका लागि एक जिल्लाबाट अर्को जिल्लामा आवतजावत गर्ने सर्वसाधारण प्रत्यक्ष लाभान्वित हुनेछन्। कमला पुल सञ्चालनमा आउनु दुई जिल्लाका बासिन्दाका लागि यातायात सुविधामा सुधार मात्र नभई आर्थिक तथा सामाजिक सम्बन्ध विस्तारको महत्वपूर्ण आधार बन्ने देखिन्छ। विशेषगरी कृषि उपज, स्थानीय उत्पादन तथा व्यापारिक सामग्रीको ढुवानी सहज हुँदा स्थानीय बजार र व्यवसायमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ।

दीपावली सकिएसँगै छठ पर्वको तयारी गरिँदै

जनकपुरधाम, २४ कात्तिक (रासस)।

दीपावली सकिएसँगै मधेश प्रदेशका जिल्लामा छठ पर्वको तयारी तीव्ररूपमा अघि बढिरहेको छ।

त्यस क्रममा प्रदेश राजधानीस्थित जनकपुरधामका पोखरी तथा तलाउको सरसफाइ र शृङ्गारिने काम सुरु भएको छ। त्यस्तै बजारमा छठ पूजाका लागि आवश्यक सामग्री किनमेल गर्नेको भीड बढेको छ।

मिथिलाञ्चलको धार्मिक, सांस्कृतिक र सामाजिक पहिचानसँग जोडिएको छठ पर्वलाई व्यवस्थित र भव्य रूपमा मनाउने तयारीस्वरूप विभिन्न पोखरी तथा जलाशयको सरसफाइ तथा शृङ्गार थालिएको जनकपुरधाम उद्योग वाणिज्य सङ्घका पूर्वउपाध्यक्ष अम्बुप्रसाद साहले जानकारी दिनुभयो।

उहाँका अनुसार यहाँस्थित गङ्गासागर, धनुषसागर, रत्नसागर र दशरथ तलाउलगायतका पोखरी तथा तलाउको सरसफाइ भइरहेको छ। विशेषगरी गङ्गासागर र धनुषसागरलगायतका जलाशयमा छठ मनाउने परम्परा रहेकाले स्थानीयवासीको सहयोगमा सरसफाइ तथा शृङ्गारलाई तीव्रता दिइएकोछ।

यस वर्ष छठ पर्वको अवलोकनका लागि प्रधानमन्त्री बालेन्द्र शाह जनकपुरधाम आउने तयारी भइरहेकाले गङ्गासागर छठ घाटलाई थप व्यवस्थित र शृङ्गार्ने तयारी भइरहेको उहाँको भनाइ छ।

जनकपुरधामस्थित पेठिया बजार, गाउँघरका हाट तथा मेलामा छठ पूजासामाग्रीसहित बाँसबाट निर्मित सामग्री खरिदको चहलपहल विस्तारै बढेको छ। छठ पर्व नजिकिँदै जाँदा छठ पर्वका लागि आवश्यक सामग्रीको किनमेल सुरु भइसकेको स्थानीय सुमित्रादेवी कर्णले बताउनुहुन्छ।

छठ पर्व नजिकिँदै गर्दा पुस्तौंदेखि बाँसको सामग्री उत्पादन गर्दै आएका डोम समुदाय पनि अहिले त्यस्ता सामाग्री निर्माण गर्न भ्याइनभ्याइ अवस्थामा छन्। ती समुदायका धेरै परिवारले पुख्यौंली पेसाका रूपमा बाँसका चोयाबाट विभिन्न पूजासामग्री राख्ने छिटी, नाङ्लो र ढाकी निर्माण गर्दै आएका छन्।

छठ पर्वका अवसरमा परम्परागत सामग्रीको माग बढ्दा स्थानीय कारीगरको उत्पादनले पनि बजार पाउने गरेको छ।

पटाकाको प्रयोगमा नियन्त्रण गर्न गस्ती र निगरानी बढाउँदै प्रहरी

पर्सा, २४ कात्तिक (रासस)।

यही तिहार तथा आगामी छठ पर्वलाई लक्षित गरी पटाका पड्काउने क्रम बढन थालेपछि प्रहरीले त्यस्ता बस्तुको ओसारपसार, बिक्री वितरण र प्रयोगमा थप कडाइ गरेको छ।

जिल्लामा पटाका पड्काउने क्रममा छर्रालले लागेर बालबालिकाको मृत्यु भएपछि प्रहरीले त्यसको नियन्त्रणमा थप निगरानी बढाएको हो। गत सोमबार मात्रै पर्साको पकाहाँ मैनपुर गाउँपालिका-२, मधुबनीमा पटाको छर्रा लागेर पाँच वर्षीय बालक कुन्दन सहनीको मृत्यु भएको थियो।

जिल्ला पहरी कार्यालयले सीमावर्ती क्षेत्रबाट अवैध रूपमा भित्रिने पटाका तथा विस्फोटक पदार्थको ओसारपसार, बिक्री वितरण र प्रयोगलाई नियन्त्रणमा विशेष गस्ती र निगरानी बढाएको नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिनुभयो।

उहाँका अनुसार, चाडपर्वका बेला ग्रामीण बस्ती तथा बजार क्षेत्रमा पटाका सहजै उपलब्ध हुने अवस्था भएपछि प्रहरी प्रशासनको निगरानी र नियन्त्रण संयन्त्र कार्यलाई सक्रिय बनाएको छ। त्यस क्रममा प्रहरीले सीमा क्षेत्रदेखि ग्रामीण बस्तीसम्म निगरानी बढाएको छ।

प्रहरीले यसअघि पनि चाड पर्वमा पटाका र विस्फोटकजन्य सामग्रीबाट टाढा रहन पटक-पटक अनुरोध गरेको थियो।

मंगलमय शुभकामना

लोक आस्थाको महान छठ
पर्वको पुनित अवसरमा
सुस्वास्थ्य, दिर्घायु,
शान्ति र अमनचयनको
कामना गर्दै सम्पूर्ण
शेयर सदस्य, कर्मचारी,
नगरवासी, जिल्लावासी
एवं देशवासीमा हार्दिक
मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।



सचिन्द्र दास
अध्यक्ष, तथा
जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार

मंगलमय शुभकामना

लोक आस्थाको महान छठ
पर्वको पुनित अवसरमा
सुस्वास्थ्य, दिर्घायु,
शान्ति र अमनचयनको
कामना गर्दै सम्पूर्ण
शेयर सदस्य, कर्मचारी,
नगरवासी, जिल्लावासी
एवं देशवासीमा हार्दिक
मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।



विश्वनाथ मण्डल
अध्यक्ष
तथा
जन ज्योति कृषि सहकारी संस्था लिमिटेड
संचालक समिति परिवार
राजविराज ९, मलेठ, सप्तरी

मंगलमय शुभकामना

लोक आस्थाको महान छठ
पर्वको पुनित अवसरमा
सुस्वास्थ्य, दिर्घायु,
शान्ति र अमनचयनको
कामना गर्दै सम्पूर्ण
शेयर सदस्य, कर्मचारी,
नगरवासी, जिल्लावासी
एवं देशवासीमा हार्दिक
मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।



शत्रुघन प्रसाद गुप्ता
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार

प्रकाशक/सहसम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), लेआउट : संजय शंखर
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेवसाइट : rajbirajdainik.com.np